VERMONT
AGENCY OF HUMAN SERVICES
DEPARTMENT FOR CHILDREN & FAMILIES

# समान अवसर नै कानुन हो

निम्न आधारहरूमा भेदभाद गर्नु यस सङ्घीय वित्तीय सहायता प्रापकका लागि कानुनको विरुद्ध हो: संयुक्त राज्यको कुनै पनि व्यक्तिलाई जाति, रङ, धर्म, लिङ्ग (गर्भावस्था, सुत्केरी र सम्बन्धित चिकित्सा अवस्था, लैङ्गिक रूढिवादी, तेस्रो लिङ्गी स्थिति र लैङ्गिक पहिचानलगायत), राष्ट्रिय मूल (सीमित अङ्ग्रेजी प्रविणतालगायत), उमेर, अशक्तता वा राजनैतिक सम्बद्धता वा आस्थाका आधारमा वा कार्यदल नवीनता तथा अवसर ऐन (Workforce Innovation and Opportunity Act) को Title I अन्तर्गत वित्तीय रूपमा सहायता प्राप्त कार्यक्रमको लाभग्राही, आवेदक वा सहभागीलाई व्यक्तिको नागरिकताको स्थिति वा कुनै पनि WIOA Title I–वित्तीय सहायता प्राप्त कार्यक्रम वा क्रियाकलापमा सहभागिताका आधारमा।

प्रापकले निम्नमध्ये कुनै पनि क्षेत्रमा भेदभाव गर्नु हुँदैन: कुनै पनि WIOA Title I–वित्तीय सहायता प्राप्त कार्यक्रम वा क्रियाकलापमा कसलाई भर्ना गर्ने वा पहुँच दिने भन्ने निर्णय गर्ने; त्यस्तो कार्यक्रम वा क्रियाकलापसँग सम्बन्धित कुनै पनि व्यक्तिलाई अवसरहरू प्रदान गर्ने वा व्यवहार गर्ने; वा त्यस्तो कार्यक्रम वा क्रियाकलापको प्रशासनमा वा त्यसका सम्बन्धमा रोजगारीका निर्णयहरू गर्ने।

सङ्घीय वित्तीय सहायताका प्रापकहरूले अशक्तता भएका व्यक्तिहरूसँग गरिने सञ्चार अरूसँग गरिने जत्तिकै प्रभावकारी हुने सुनिश्चित गर्न उचित कदमहरू चाल्नु पर्छ। यसको अर्थ अनुरोध गरिएपछि प्रापकहरूले अशक्तता भएका योग्य व्यक्तिहरूलाई निःशुल्क रूपमा उचित सहायक सामग्री र सेवाहरू उपलब्ध गराउन आवश्यक हुन्छ।

### तपाईंले भेदभादको अनुभव गर्नुभएको जस्तो लागेमा के गर्ने

तपाईंलाई आफू WIOA Title I–वित्तीय सहायता प्राप्त कार्यक्रम वा क्रियाकलापअन्तर्गत भेदभाव भएको जस्तो लाग्छ भने तपाईं निम्नमध्ये कुनै एउटामा कथित उल्लङ्घनको मितिबाट 180 दिनभित्र उजुरी दायर गर्न सक्नुहुन्छ: प्रापकको समान अवसर अधिकारी (यस उद्देश्यका लागि प्रापकले निर्दिष्ट गरेको व्यक्ति) लाई;

Christine Cassel, Operations Director
Department for Children and Families,
Commissioner's Office 280 State Drive, HC1 North, Waterbury, VT 05671-1080
802-241-0927
AHS.DCFConsumerConcerns@vermont.gov

**वा:** **निर्देशक, देवानी अधिकार केन्द्र (Civil Rights Center, CRC), U.S. श्रम विभाग (Department of Labor)**
**200 Constitution Avenue NW, Room N-4123, Washington, DC 20210**
वा विद्युतीय रूपमा CRC वेबसाइट www.dol.gov/crc मा निर्देशन गरिएअनुसार।

तपाईंले प्रापकलाई आफ्नो उजुरी दायर गर्नुभएमा, तपाईंले देवानी अधिकार केन्द्र (Civil Rights Center) मा दायर गर्नुअघि (माथि ठेगाना हेर्नुहोस्) प्रापकले अन्तिम कारबाहीको लिखित सूचना जारी नगरेसम्म वा 90 दिन नबितेसम्म (जुन पहिले हुन्छ) प्रतीक्षा गर्नुपर्छ। तपाईंले आफ्नो उजुरी दायर गर्नुभएको दिनबाट 90 दिनभित्र अन्तिम कारबाहीको लिखित सूचना नदिएमा तपाईं उक्त सूचना प्राप्त गर्नुअघि CRC मा उजुरी दायर गर्न सक्नुहुन्छ। यद्यपि, तपाईंले 90 दिने म्यादको 30 दिनभित्र आफ्नो CRC उजुरी दायर गर्नु पर्छ (अर्को शब्दमा, तपाईंले प्रापकलाई आफ्नो उजुरी दायर गर्नुभएको दिनबाट 120 दिनभित्र)। प्रापकले तपाईंको उजुरीमा अन्तिम कारबाहीको लिखित सूचना दिएका छन्, तर तपाईं निर्णय वा समाधानमा असन्तुष्ट हुनुहुन्छ भने तपाईंले CRC मा उजुरी दायर गर्नुपर्छ। तपाईंले अन्तिम कारबाहीको सूचना प्राप्त गरेको मितिबाट 30 दिनभित्र आफ्नो CRC उजुरी दायर गरिसक्नु पर्ने हुन्छ।

भर्मन्ट श्रम विभाग (Vermont Department of Labor) समान अवसर प्रदान गर्ने रोजगारदाता र सेवा प्रदायक हो। तपाईंलाई कुनै अशक्तता छ र यस जानकारीमा सहायता आवश्यक छ भने कृपया भर्मन्ट रिले सेवा (Vermont Relay Service) मा सम्पर्क गर्न 7-1-1 डायल गर्नुहोस्। कृपया आफ्नो प्राथमिक भाषामा अनुवादलगायत वैकल्पिक ढाँचामा निःशुल्क जानकारी अनुरोध गर्न 802-241-0927 डायल गर्नुहोस् र 0 थिच्नुहोस्।